## तथ्यांकमा बैदेशिक रोजगारी

| आ वा | वैदेशिक रोजगारमा गएकाहरुको विवरण | | | विप्रेषण अप्रवाह (रु अर्बमा ) | जीडीपी अनुपात (% मा) | मृत्यु संख्या | अंगभंग संख्या |
|---|---|---|---|---|---|---|---|
| | पुरष | महिला | जम्मा | | | | |
| ०६५/६६ | २११३७१ | ८५९४ | २१९९६५ | २०९.७ | २१.२ | ७८ | ८ |
| ०६६/६७ | २८४०३८ | १००५६ | २९४०९४ | २३१.७ | १९.४ | ४२१ | १० |
| ०६७/६८ | ३४४३०० | १०४१६ | ३५४७१६ | २५३.६ | १८.५ | ५६४ | ३१ |
| ०६८/६९ | ३६१७०७ | २२९५८ | ३८४६६५ | ३५९.6 | २३.५ | ६४७ | ५७ |
| ०६९/७० | ४२३१२२ | २७७६७ | ४५०८८९ | ४३४.६ | २५.६ | ७७२ | ९० |
| ०७०/७१ | ४९०५१७ | २९१२१ | ५१९६३८ | ५४३.३ | २७.७ | ८७७ | ११६ |
| ०७१/७२ | ४७७६९० | २१४१२ | ४९९१०२ | ६१७.३ | २८.१ | १००६ | १८४ |
| ०७२/७३ | ३८५२२६ | १८४६७ | ४०३६९३ | ६६५ | २९.५ | ८२६ | ११७ |
| ०७३/७४ | ३६२७६६ | २०१०५ | ३८२८७१ | ६९५ | २६ | ७५८ | २०४ |
| ०७४/७५ | ३३१६७९ | २२४१९ | ३५४०९८ | ७५५.०६ | २४.९ | ८२६ | ३६१ |
| ०७५/७६ | २१५६३० | २०५७८ | २३६२०८ | ८७९.२७ | २५.३ | ७६३ | ३५४ |
| ०७६/७७ | ३४०००० | २८४३३ | ३६८४३३ | ८७५.३ | २४.४ | ६७२ | २०५ |

**स्रोत** : वैदेशिक रोजगारमा गएकाहरूको विवरण: श्रम आप्रवासन रिपोर्ट २०२०

- https://dofe.gov.np/yearly.aspx
- **मृत्यु/अंगभंग संख्या** : वै.रो. बोर्डको सचिवालय, २०७८/२/३१ सम्मको
- विप्रेषण आप्रवाह : अर्थ मन्त्रालय (Macroeconomics indicator, https://data.mof.gov.np/macroeconomicChart.aspx

**अन्य कार्यहरू:**

– सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक कार्यक्रम (डकुमेन्ट्री र अन्य सचेतनामुलक सन्देश) तयार गरी (टि.भी., रेडियो, एफ.एम. बाट प्रसारण गरिएको),

– वैदेशिक रोजगार सम्बन्धमा समय समयमा नेपाल सरकारलाई परामर्श उपलब्ध गराइएको,

– सुरक्षित अन्तर्राष्ट्रिय श्रम बजारको खोजी र गनतव्य मुलुकका कामदारहरूको स्थिति सम्बन्धमा कार्यदल मार्फत समय समयमा अध्ययन अनुसन्धानको कार्य सम्पादन भएको,

– सुरक्षित गृह सञ्चालनमा सहयोग भएको ।

## संगठन संरचना







*'सीप र स्वरोजगार: आर्थिक समृद्धिको आधार'*

# वैदेशिक रोजगार बोर्ड सचिवालयको परिचय



नेपाल सरकार
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार बोर्डको सचिवालय**
काठमाडौं


वेबसाइट: www.feb.gov.np
फोन नं. ०१-५३२०३११, ०१-५३२०४३३
इमेल :info@feb.gov.np
श्रम कल सेन्टर : ११४१, १६६००१५०००५

## क) परिचय

वैदेशिक रोजगार ऐन, २०६४ को दफा ३८ मा भएको व्यवस्था बमोजिम वैदेशिक रोजगार बोर्डको गठन भएको हो। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षता रहने वोर्डमा विभिन्न निकायका उच्चपदस्थ सरकारी अधिकारी, वैदेशिक रोजगार व्यवसायी सम्बद्ध संघ, संस्था, ट्रेड युनियन, विज्ञ र यस क्षेत्रमा कार्यरत संस्थाहरुका प्रतिनिधि सहित २५ जना सदस्यहरु रहने व्यवस्था छ।

वोर्डको नियमित कार्य संचालन गर्न वैदेशिक रोजगार वोर्डको सचिवालय रहेको छ। वैदेशिक रोजगार वोर्ड सचिवालयको स्थापना २०६५ साल कार्तिक १८ गते भएको हो।

## ख) उद्देश्य

- वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने,
- वैदेशिक रोजगारमा जाने कामदार र रोजगार व्यवसायीको हकहित संरक्षण गर्ने।

## ग) सम्पादन गर्ने मुख्य कार्यहरू

### १) कल्याणकारी कार्यहरु

१.१ विदेशमा अलपत्र परेका कामदारको उद्धार,

१.२ विदेशमा मृत्यु भएका कामदारको शव झिकाउने र घर ठेगानासम्म पुर्याउने,

१.३ मृत्यु भएका कामदारका हकदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,

१.४ अंगभंग भएका कामदारलाई तोकिए बमोजिमको आर्थिक सहायता दिने,

१.५ कामदारको परिवार गम्भीर विरामी भएमा तोकिए बमोजिम दिईने उपचार सहयोग प्रदान गर्ने,

१.६ वैदेशिक रोजगारीको क्रममा मृत्यु वा पूर्ण अशक्त भएका कामदारको छोरा छोरीलाई छात्रवृति प्रदान गर्ने,

१.७ वैदेशिक रोजगारमा गएका कामदारका लागि कानूनी प्रतिरक्षा तथा परामर्शका लागि सहयोग गर्ने,

१.८ सुरक्षित गृह सञ्चालन : विदेश गएका नेपाली कामदारका लागि रोजगारदाता मुलुकस्थित नेपाली राजदूतावासबाट सुरक्षित गृह सञ्चालन गर्ने,

१.९ स्वदेश फर्किएका कामदारलाई पुर्नएकीकरण तथा पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्ने।

### २) सुरक्षित वैदेशिक रोजगारीका लागि प्रवर्द्धन कार्यहरु

२.१ वैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन (टि.भी., रेडियो, एफ.एम. बाट डकुमेन्ट्री उत्पादन र प्रसारण),

२.२ सुरक्षित अन्तर्राष्ट्रिय श्रम बजारको खोजी,

२.३ वैदेशिक रोजगारालाई सुरक्षित र व्यवस्थित गराउन सूचना संकलन, प्रशोधन र प्रकाशन

२.४ गन्तव्य मुलुकमा कामदारहरुको स्थिति अध्ययन।

### ३) प्रशिक्षण तथा अध्ययन अनुसन्धानात्मक कार्यहरु

३.१ वैदेशिक रोजगारमूलक सीप विकास तालिम पाठ्यक्रम तर्जुमा र तालिम कार्यक्रम सञ्चालन गर्ने

३.२ अभिमुखिकरण तालिम पाठ्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने

३.३ अभिमुखिकरण र सीपमूलक तालिम दिन अनुमति पत्र वा इजाजत पत्र वा इजाजत पत्र प्राप्त संस्थाको अनुगमन गर्ने/ गराउने,

३.४ विदेशबाट फर्केका कामदारको निशुल्क सीप परीक्षण कार्यक्रम सञ्चालन गर्ने,

३.५ पूर्व प्रस्थान अभिमुखिकरणका लागि प्रशिक्षक प्रशिक्षण (TOT) सञ्चालन गर्ने,

३.६ वैदेशिक रोजगारसँग सम्बन्धित विविध विषयमा अध्ययन तथा अनुसन्धान गर्ने।

### ४) अन्य कार्यहरु

४.१ वैदेशिक रोजगारलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन नीति निमाणको कार्यमा राय सुझाव दिने,

४.२ परराष्ट्र, स्वास्थ्य मन्त्रालय, विदेशी नियोगहरु र अन्य सरकारी तथा गैह सरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्ने,

४.३ वैदेशिक रोजगार सम्बन्धमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने।

## बोर्ड सचिवालयको स्थापनादेखि २०७८/०२/३१ गते सम्म सम्पादन भएका मुख्य कार्यहरू

| विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| विदेशमा अलपत्र परेका कामदारको उद्धार/खोजतलास | १४ | २३६ | २५० |
| वैदेशिक रोजगारीमा गई मृत्यु भएका कामदारका हकदारलाई तोकिए बमोजिमको आर्थिक सहायता | २१७ | ९११९ | ९३३६ |
| अंगभंग /गम्भीर बिरामी भएका कामदारलाई तोकिए बमोजिमको आर्थिक सहायता | ६२ | १८५७ | १९१९ |
| वैदेशिक रोजगारीमा गई मृत्यु भएका मृतक कामदारको शव घर ठेगानासम्म पुऱ्याउने कार्य | ६९ | ३०१९ | ३०८८ |
| विदेशमा मृत्यु भएका कामदारको शव झिकाउने कार्य | १७ | ५१२ | ५२० |
| वैदेशिक रोजगारीमा गएका कामदारका परिवार गम्भिर बिरामी भई स्वास्थ्य उपचारको लागि तोकिए बमोजिमको आर्थिक सहयोग | ५१ | ५० | १०१ |
| महिला कामदारको अभिमुखीकरण तालिम पापत तिरेको रकम शोध भर्ना लिएको सङ्ख्या | ६२८ | | ६२८ |
| मृत्यु वा पूर्ण अशक्त भएका कामदारका छोरा छोरीलाई छात्रवृति प्रदान गरिएका सङ्ख्या | २०२५ | ४२३३ | ६२५८ |
| वैदेशिक रोजगारीमा जाने कामदारलाई लक्षित गरी सञ्चालन भएको सीप तालिममा सहभागी सङ्ख्या | | | २०३०० |